अनुसूची २

(दफा ४ तथा अनुसूची १ को भाग – २ सँग सम्बन्धित)

लालझाडी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ७** **संख्याः ५** **मितिः२०८०/०६/१२**

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०६/०९**

**भाग-२**

## लालझाडी गाउँपालिका प्राइभेट फर्म दर्ता कार्यविधि, २०८०

**प्रस्तावनाः**

**लालझाडी गाउँपालिका**ले उद्योग व्यवसाय र व्यापार गर्ने प्राइभेट फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी गाउँपालिकाको आर्थिक समृद्धि र आम जनताको हित प्रवर्धन गर्न वाञ्छनीय भएकोले, सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी निजी व्यवसाय ऐन, २०७६ को दफा ६ र नियमावलीको नियम ५ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाले मिति  गते मा यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "**लालझाडी गाउँपालिका प्राइभेट फर्म दर्ता कार्यविधि, २०८०** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि लालझाडी गाउँपालिका, शंकरपुर कन्चनपुर भित्र लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "**गाउँपालिका**" भन्नाले लालझाडी गाउँपालिका, शंकरपुर कन्चनपुर सम्झनु पर्दछ।

(ख) "**गाउँसभा**" भन्नाले लालझाडी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

(ग) "**कार्यपालिका**" भन्नाले लालझाडी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) "**उपाध्यक्ष** " भन्नाले गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ।

(च) "**ऐन**" भन्नाले "सुदुरपश्चिम प्रदेश सरकारद्वारा जारी निजी व्यवसाय दर्ता ऐन, २०७६" सम्झनु पर्दछ।

(छ) "**नियमावली**" भन्नाले "सुदुरपश्चिम प्रदेश सरकारद्वारा जारी प्राइभेट फर्म दर्ता नियमावली, २०७६" सम्झनु पर्दछ।

(ज) "**कार्यविधि**" भन्नाले लालझाडी गाउँपालिका प्राइभेट फर्म दर्ता कार्यविधि, २०८० सम्झनुपर्दछ।

(झ) "**प्राइभेट फर्म**" भन्नाले निजी वा अन्य नामबाट कुनै एक व्यक्तिले उद्योग, व्यापार वा व्यवसाय गर्ने फर्म सम्झनु पर्दछ।

(ञ) **"कार्यालय"** भन्नाले लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ट) **"अधिकारी"** भन्नाले अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ।

(ठ) **"तोकिएको"** वा "तोकिए बमोजिम" भन्नाले यो कार्यविधि अन्तर्गत बनेको दफामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

(ड) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लालझाडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

**३. दर्ता नगरी प्राइभेट फर्म खोल्न नहुने:** यो कार्यविधि प्रारम्भ भएपछि यो कार्यविधि बमोजिम दर्ता नगराई लालाझाडी गाउँपालिका क्षेत्रमा कसैले पनि प्राइभेट फर्म खोल्न तथा सञ्चालन गर्न पाइने छैन।

**४. प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्ने:**

(१) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले गाउँपालिकामा एक सय रूपैयाँ दरखास्त दस्तुर सहित अनुसूची – १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले आफ्नो फर्म दर्ता गर्न दरखास्त दिंदा देहाय बमोजिमको विवरण र कागजात पेश गर्नु पर्नेछः

➢ **उद्योग दर्ताको हकमा:**

(क) निर्धारित ढाँचाको दरखास्त फाराम र कबुलियतनामा।

(ख) फर्मको नाम, ठेगाना, सम्पर्क नं., उद्देश्य तथा त्यसले कारोवार गर्ने वस्तु तथा सेवाको विवरण र फर्म धनीको

तीन पुस्ते विवरण खुल्ने गरि सम्बन्धित वडाको सिफारिस ।

(ग) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि साथै जग्गाको तिरो तिरेको प्रतिलिपि

(घ)नेपाली नागरिकताको प्रतिलिपि

(ङ)चौतर्फी सर्जमिन मुचुल्का,

(च)जग्गा भाडामा लिएको भए भाडा सम्झौता, जग्गा धनीको नागरिकताको प्रतिलिपि ।

(छ)फर्निचर उद्योग भए वन कार्यालयबाट वन नियमावली अनुसार दुरी खुलेको यदि मेसिनमा रू.५० हजार भन्दा कम लगानी हुने भएमा दुरी माग गर्नु नपर्ने ।

(ज)खाद्य उद्योगसंग सम्बन्धित उद्योग भए खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको अनुज्ञा पत्र हुनुपर्ने ।

(झ)फर्म धनीको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

➤ **<u>बाणिज्य दर्ताको हकमाः</u>**

(क) निर्धारित ढाँचाको दरखास्त फाराम ।

(ख) दफा ४ को उपदफा २ को (ख) बमोजिम विवरण खुल्ने गरि वडाको सिफारिस ।

(ग) जग्गा धनी प्रमाण पुर्जा,

(घ) नेपाली नागरिकता,

(ङ) फर्म धनीको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति ।

(च) मनी चेन्जर (वित्तिय कारोवार) व्यवसाय दर्ताको लागि नेपाल राष्ट्र बैंकको स्वीकृत पत्र ।

(छ) औषधी व्यवसाय दर्ताको लागि औषधी व्यवस्था विभागको सिफारिस पत्र ।

(ज) विषादीजन्य व्यवसाय दर्ताको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिस पत्र ।

(३) दफा ४ को उपदफा १ र २ बमोजिम कसैको दरखास्त परेपछि, गाउपालीकाले तिन दिन भित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी फर्म दर्ता गर्न मनासिब देखेमा तोकिए बमोजिमको दर्ता किताबमा त्यस्तो फर्म दर्ता गरी तोकिएको ढाँचाको प्रमाण पत्र दरखास्तवालालाई प्रदान गरिनेछ ।

(४) उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक भन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरिने छैन, तर सोहि उद्देश्यको लागि वाणिज्य सम्बन्धी प्राइभेट फर्मको शाखा खोली संचालन गर्न पाईने छ ।

(५) उपदफा १ र २ बमोजिम दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा गाउँपालिकाले तिन दिन भित्र सो को कारण सहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

५. **फर्म दर्ता दस्तुरः**

(१) एक लाख रुपैयाँसम्म पूँजी भएको प्राईभेट फर्म दर्ता गर्दा एक हजार रुपैयाँ दस्तुर लाग्नेछ ।

(२) पाँच लाख रूपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म दर्ता गर्दा दुइ हजार रुपैयाँ दर्ता दस्तुर लाग्नेछ ।

(३) दश लाख रूपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म दर्ता गर्दा तिनहजार रुपैयाँ दर्ता दस्तुर लाग्नेछ ।

(४) पन्ध्र लाख रूपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म दर्ता गर्दा चार हजार रुपैयाँ दर्ता दस्तुर लाग्नेछ ।

(५) विष लाख रूपैयाँसम्म पूँजी भएको प्राइभेट फर्म दर्ता गर्दा पाँच हजार रुपैयाँ दर्ता दस्तुर लाग्नेछ ।

(६) पचास लाख रुपैयाँसम्म पूँजी भएको प्राईभेट फर्म दर्ता गर्दा पन्ध्र हजार रुपैयाँ दर्ता दस्तुर लाग्ने छ ।

(७) एक करोड रुपैयाँसम्म पूँजी भएको प्राईभेट फर्म दर्ता गर्दा तिस हजार रुपैयाँ दर्ता दस्तुर लाग्ने छ ।

(८) उपदफा (१देखि ७) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिलाई उपनियम मा उल्लिखित दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

(९) अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिले उपदफा (८) बमोजिमको सुविधाको लागि आधिकारिक निकायबाट जारी गरिएको अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्ति पहिचान हुने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(१०) खोका, छाप्रा, रेडी, घुम्ति पसलहरुको दर्ता गर्दा पाँच सय मात्र दर्ता दस्तुर लाग्नेछ ।

(११) उपदफा (१देखि १०) मा जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता दस्तुरको निर्धारण बार्षिक रुपमा गाउँसभाबाट गरिनेछ ।

**६. प्राइभेट फर्मको दर्ता:**

(१) दफा ४ बमोजिम प्राइभेट फर्म दर्ता गर्न दरखास्त परेपछि गाउँपालीकाले आवश्यक जाँचबुझ गरी प्राइभेट फर्म दर्ता गर्न मनासिब देखेमा अनुसूची - २ बमोजिमको दर्ता किताबमा दर्ता गरी बाणिज्य सम्बन्धी फर्म भए अनुसूची - ३ बमोजिमको र उद्योग सम्बन्धी फर्म भए अनुसूची - ४ बमोजिमको प्रमाणपत्र

दरखास्तवालालाई दिनु पर्नेछ।साथै अनुसुची - ९ बमोजिमको पत्र उपलब्ध गराईनेछ।

(२) गाउँपालीकाले निश्चित हदसम्म पूँजी भएको फर्म दर्ता गर्ने, नवीकरण गर्ने, अद्यावधिक गर्ने र खारेज गर्ने लगायतका अधिकार आफू मातहतको उद्योग बिकास शाखा लाइ प्रत्योजन गर्न सक्नेछ ।

**७. प्राइभेट फर्मको अवधी र नवीकरण:**

(१) यस कार्यविधि बमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि एक आर्थिक वर्षको हुनेछ र सो अवधी भुक्तान भएपछि नवीकरण गर्दा एक आर्थिक वर्षको लागि गरिनेछ।

(२) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपनियम (१) को अवधी समाप्त भएको मितिले ३ महिना भित्र देहाय बमोजिमको कागजात संलग्न गरी गाउँपालीका मा अनुसूची - ५ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा गाउँपालीकाले दफा (५) को उपदफा (१) बमोजिम फर्म दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमकोअवधी भित्र प्राइभेट फर्म नवीकरण गराउन नसकेको फर्मको धनीले आफ्नो फर्म समयभित्र नवीकरण गराउन नसकेको मनासिब कारण देखाई नवीकरणको लागि

दरखास्त दिएमा त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा सो कारण मनासिब देखिए गाउँपालीकाले फर्मको नवीकरण गराउने अवधी समाप्त भएको मितिबाट ६ महिनासम्म दफा ५ को उपदफा (१) बमोजिमको दस्तुरको पचास प्रतिशत दस्तुर र सो समयभित्र पनि नवीकरण नगराएमा सो अवधी समाप्त भएको दिनदेखि एक वर्ष सम्म दफा ५ को उपदफा (१) बमोजिमको दस्तुर लिई त्यस्तो फर्म नवीकरण गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र पनि कुनै प्राइभेट फर्म नवीकरण नगराएमा गाउँपालीकाले प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ११ बमोजिम फर्म खारेजीको कारवाही गर्न सक्नेछ।

८. **दर्ता अद्यावधिक र नवीकरण:**

(१) प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ३ को उपदफा (२) बमोजिम यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको फर्मले दर्ता अद्यावधिक गर्न कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र अनुसूची - ६ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक गर्न दरखास्त परेमा गाउँपालीकाले त्यस्तो फर्मको दर्ता अद्यावधिक गरी प्रमाणपत्र दिनु पर्नेछ र दर्ता अद्यावधिक भएको फर्मको अवधि उक्त फर्म नवीकरण गर्नुपर्ने अवधि जति बाँकी छ सो अवधि नघट्ने गरी सोही आर्थिक वर्षको अन्तिम दिन सम्म कायम रहनेछ।

(३) ऐनको दफा ५ को उपदफा (८) बमोजिम आकर्षित हुने प्राइभेट फर्महरूको हकमा त्यस्ता प्राइभेट फर्मका धनीले एक पटकको लागि कार्यविधि प्रारम्भ भएका मितिले एक वर्ष भित्र अनुसूची - ७ बमोजिमको ढाँचामा फर्म नवीकरण गरी अद्यावधिक गर्नका

लागि एकसय रूपैयाँ दरखास्त दस्तुर सहित गाउँपालिका समक्ष दरखास्त दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरणका लागि दरखास्त परेमा गाउँपालीकाले फर्म धनीसंग देहायको दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गर्न सक्नेछ।

**(क)** यो कार्यविधि प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई फर्म नवीकरण गरी दर्ता अद्यावधिकको प्रमाणपत्र प्रदान गरिनेछ।

**(ख)** यस कार्यविधि बमोजिम अद्यावधिक भएका फर्मको अवधि समाप्त भएपछि दफा ७ को उपदफा (३) बमोजिमको दस्तुर लिईएक आर्थिक वर्षका लागि नवीकरण गरिनेछ।

(५) दफा ७ र ८ मा जुनसुकै कुरा लेखिएको भएता पनि बार्षिक रुपमा नविकरण दस्तुर गाउँसभाले तोके बमोजिम हुनेछ।

**९. गाउँपालिका मा प्राइभेट फर्म दर्ताः**

(१) ऐनको दफा ६ को प्रयोजनको लागि ऐन, नियमावली र यस कार्यविधिको अधिनमा रहि रू. बिस लाख सम्म पूँजी भएको प्राइभेट फर्म गाउँपालीकामा दर्ता, नवीकरण र अद्यावधिक गर्न सक्नेछ।भने अन्य निकायमा दर्ता कायम रहेका र यस गाउँपालिकामा स्थापना भएका सवै व्यवसायले गाउँपालिकामा सुचिकृत भइ प्रमाण पत्र लिनु पर्ने छ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको प्राइभेट फर्मको सम्बन्धमा यस कार्यविधिका व्यवस्थाहरू कार्यपालिकाको निर्णय अनुसार आवश्यक हेरफेर गर्न सक्नेछ।

**१०. साईनबोर्ड राख्नु पर्नेः**

प्राइभेट फर्म दर्ता भएपछि त्यस्तो फर्म धनीको नाम, फर्मको नाम, ठेगाना, दर्ता नं. र मिति प्रस्ट उल्लेख भएको प्रचलित मापदण्ड बमोजिमको साईनबोर्ड कारोबार स्थलमा राख्नु पर्नेछ।

**११. विवरण हेरफेर सम्बन्धी जानकारी:**

(१) कुनै प्राइभेट फर्मको धनीले आफ्नो प्राइभेट फर्म दर्ता गराउँदा दिएको विवरण हेरफेर गर्न चाहेमा हेरफेर गर्नुपर्ने विवरणहरू खुलाई सोको लिखित जानकारी गाउँपालीकामा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सो सम्बन्धमा जाँचबुझ गरी गाउँपालीकाले त्यस्तो विवरण हेरफेर गर्न पन्ध्र दिन भित्र स्वीकृत दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको संशोधनको जानकारी सम्बन्धित निकायले सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ।

**१२. प्रतिलिपि लिन सकिने:**

(१) यस कार्यविधि बमोजिम प्रदान गरिएको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा फर्मको धनीले फर्म दर्ता गरेको निकायमा प्रतिलिपि लिनका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखिएमा दर्ता गरेको कार्यालयले एक हजार रूपैयाँ प्रतिलिपि दस्तुर लिई निवेदकलाई प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

**१३. विवरण उपलब्ध गराउनुपर्ने:**

(१) ऐनको दफा १० को उपदफा (१) बमोजिम कुनै प्राइभेट फर्महरूको विवरण गाउँपालीकाले मागेमा त्यस्तो फर्मको धनीले सात दिन भित्र त्यस्तो विवरण उपलब्ध गराउनुपर्नेछ र कुनै कारणबस सो समयभित्र विवरण उपलब्ध गराउन नसकिने भएमा सोको जानकारी गाउँपालीकालाई लिखित रूपमा गराई समय माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समय थपको लागि माग गरेमा अवस्था हेरी विवरण माग गर्ने कार्यालयले त्यस्तो विवरण पेश गर्न बढीमा पन्ध्र दिनसम्म समय थप गर्नसक्नेछ।

**१४. खारेजीको लागि निवेदन दिनुपर्ने:**

(१) ऐनको दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम फर्म धनीले मनासिब कारण देखाई आफ्नो फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित आफ्नो फर्म खारेजीको लागि गाउँपालीकामा अनुसूची - ८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फर्म खारेजीको लागि निवेदन परेमा सम्बन्धित निकायले खारेज गर्नु अघि सम्मको सम्पूर्ण बाँकी बक्यौता, कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको कानून बमोजिम लाग्ने दस्तुर तथा जरिवाना समेत निजबाट असूल गरी प्राइभेट फर्म खारेज गरी दर्ता किताबबाट लागत कट्टा गर्नुपर्नेछ।

**१५. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u>** सम्बन्धित निकायले समय समयमा ऐन, नियमावली र यस कार्यविधि बमोजिम दर्ता एवं सञ्चालन भएका प्राइभेट फर्मको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

१६. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

१७. **कार्यविधिको व्यवस्था लागू हुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि प्रारम्भ भएपछि प्राइभेट फर्मको दर्ता र नवीकरण दस्तुरका सम्बन्धमा यस कार्यविधिको व्यवस्था लागू हुनेछ।

१८. **विविधः** यो कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

अनुसूची - १
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## प्राइभेट फर्म दर्ता सम्बन्धि दरखास्त

मितिः२०...../...../.....

विषयः प्राइभेटफर्म दर्ता गरी दिनुहुन ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर कन्चनपुर ।

महोदय,

प्रस्तुत विषयमा निम्न बमोजिम उद्योग/व्यापार व्यवसाय गर्न तपसिलमा उल्लेख भएको नामको प्राइभेट फर्म मेरो नाममा दर्ता गराउन इच्छुक भएकोले आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझांउला ।

तपसिल

१.फर्मको पुरा नामः-

२. फर्मको पुरा ठेगानाः-

३. फर्मको उद्देश्यः-

४. फर्मको पूँजीः-

५. कारोबार गर्ने वस्तु, सेवा तथा कामको विवरणः-

६. प्राइभेट फर्मको धनीको तीन पुस्ते नाम, थर, वतन:-

दरखास्तवालाको लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछाप:

लेखात्मक सहि:

| दायाँ | बायाँ |
|---|---|
| | |

ईति सम्बत २०........साल.........महिना..........गते........रोज शुभम् ।

## अनुसूची -२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**प्राइभेट फर्मको दर्ता किताब**

| दर्ता नं. | फर्म दर्ता मिति | फर्मको नाम | फर्मको उद्देश्य | फर्मको पूँजी | फर्मको ठेगाना | फर्मको धनीको नाम/थर | फर्मको धनीको स्थायी ठेगाना | फर्मको धनीको बुवा/आमाको नाम/थर | स्थायी लेखा नं. | फर्मको धनीको सम्पर्क नं. | फर्मको धनीको पासपोर्ट साइजको फोटो | फर्मको धनीको सहि र औंठा छाप | प्रमाणित गर्ने अधिकारीको सहि छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

अनुसूची – ३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

लालझाडी गाउँपालीका

गाउँकार्यपालिकाको कार्यालय

शंकरपुर कन्चनपुर।

(सुदूरपश्चिम प्रदेश, नेपाल)

प्रा.फ./वाणिज्य दर्ता नं.

## प्राईभेट फर्म/वाणिज्य दर्ता प्रमाण पत्र

निम्न अनुसारको विवरण भएको ..........................................फर्मलाई सम्बत २०.......साल........महिना........गते......रोजमा ब्यापारिक प्रयोजनका लागि प्राइभेट फर्म दर्ता ऐन, २०७६ को दफा ६, प्राइभेट फर्म दर्ता नियमावली, २०७६ को नियम ८ तथा लालझाडी गाउँपालीका प्राइभेट फर्म दर्ता कार्यविधि, २०८० को दफा ६ बमोजिम दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

## विवरण

प्रोप्राइटरको नाम/थर.........................................................................

ठेगानाः.........................................................................................

नागरिकता नं...................................

फर्मको ठेगानाः..............................................................................

पूँजीः रू. .......................................................................................

कारोबार गरिने चीज बस्तुः...................................................................

उद्देश्यः.........................................................................................

जारी गर्ने कार्यालयः लालझाडी गाउँपालीका कार्यपालिकाको कार्यालय, शंकरपुर , कन्चनपुर।

.............
(तयार गर्ने)

.............
(प्रमाणित गर्ने)

नोटः

१. यो प्रमाणपत्रको म्याद फर्म दर्ता गरिएको मितिले १ (एक) वर्ष सम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक वहाल रहने हुनाले अवधी समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य रूपमा नविकरण गराईसक्नु पर्नेछ । नवीकरण भएको अवधी सम्बन्धी विवरण प्रमाणपत्रको पछाडी उल्लेख छ ।

२. यो फर्मको उद्देश्य कार्यान्वयनका लागि अनुमति लिनुपर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि मात्र कार्य गर्नुपर्नेछ । यसै दर्तालाई नै उद्देश्य कार्यान्वयन गर्ने अनुमति प्राप्त गरेको मानिने छैन ।

३. सम्पत्ती शुद्धिकरण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्बन्धि कानुन वा सो अन्तर्गत बनेका नियम, निर्देशन,आदेश वा लालझाडी गाउँपालिकाको नियम, निर्देशन र सुपरिवेक्षण पालना गर्नुपर्नेछ ।

## नविकरण गरिएको

| मिति | नविकरण गरेको अवधि | दस्तुर बुझाएको रू. को रसिद नं. र मिति | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची – ४

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

लालझाडी गाउँपालीका

गाउँ कार्यपालिकाकार्यालय

शंकरपुर कन्चनपुर

(सुदूरपश्चिम प्रदेश, नेपाल)

## उद्योग दर्ता प्रमाण पत्र

उद्योग दर्ता नं.

निजी व्यवसाय दर्ता ऐन, २०७६ को दफा ६, प्राइभेट फर्म दर्ता नियमावली, २०७६ को नियम ८ तथा लालझाडी गाउँपालिका प्राइभेट फर्म दर्ता कार्यविधि, २०८० को दफा ६ बमोजिम निम्न अनुसारको विवरण भएको उधोग दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

१. उद्योग संचालकको नामः
२. उद्योगको नामः
३. उद्योगको ठेगानाः
४. उद्योगको उदेश्यः
५. उद्योगको कुल पूँजीः रू.
   (क) स्थिर पूँजीः रू.
   (ख) चालु पूँजीः रू.
६. उद्योगको वर्गः लघु उधम / घरेलु उद्योग/ साना उद्योग
७. उद्योग संचालन हुने सिफ्ट संख्याः
८. आवश्यक विद्युत शक्तिः
९. उद्योग संचालन दिन (प्रति वर्ष)
१०. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः
११. आवश्यक पर्ने जनशक्तिः
१२. उद्योग संचालन, व्यवसाय उत्पादन वा कारोवार सुरू गर्नु पर्ने अवधिः
१३. उत्पादन क्षमताः
१४. अन्यः

...................... ......................

(तयार गर्ने) (प्रमाणित गर्ने)

नोटः उद्योगले पालना गर्नुपर्ने शर्तहरू यस प्रमाणको पछाडी उल्लेख गरिएको छ ।

## शर्तहरू:

## प्रचलित कानूनमा तोकिएका अतिरिक्त उद्योगले देहाय बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछः

१. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट प्राप्त गर्नु पर्नेछ । विदेशी जनशक्ति आवश्यक पर्ने भएमा प्रचलित श्रम ऐन, २०७४ को अधिनमा रही विदेशी जनशक्ति राख्न सकिनेछ ।

२. उद्योगमा विदेशी पूँजी लगानी, प्रविधि उपभोग गर्नु परेमा विभाग/गाउँपालिकाको पूर्व स्वीकृती लिनु पर्नेछ ।

३. अनुमति लिन नपर्ने उद्योगको पुनरूत्थान, आधुनिकीकरण वा विस्तार गर्दा विभाग/गाउँपालिकाको स्वीकृती लिनु पर्नेछ ।

४. उद्योग चालु भएपछि गाउँपालिकाको उद्योग शाखामा वार्षिक प्रतिवेदन, कार्य प्रगती र उत्पादन विवरण सम्बन्धी मासिक/चौमासिक प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । मौसमी (सिजनल) वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सुचना गर्नु पर्नेछ ।

५. वातावरण सम्बन्धमा सम्बन्धित निकाय तथा गाउँपालिकाबाट दिईने निर्देशन तथा शर्तहरू पालना गर्नु पर्नेछ । उद्योगबाट निस्कने फोहोरलाई उचित व्यवस्थापन गर्नु पर्नेछ ।

६. प्रदुषण नियन्त्रण सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले तथा अन्य सम्बन्धित निकायले तोकेको शर्तहरू र कार्यविधि अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

७. यस उद्योगले नाम पहिले दर्ता भएका कम्पनीको नाम, कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा संसोधन गर्नु पर्नेछ । यस उद्योगबाट उत्पादन वा प्रदान गर्ने वस्तु वा सेवामा ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औद्योगिक सम्पत्ति सम्बन्धी कानून बमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नु पर्नेछ ।

८. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिंदा अनिवार्य रूपमा बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ ।

९. औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैंगीक हिंसा विरूद्धको आचार संहिता, २०७६ पालना गर्नु पर्नेछ ।

१०. उद्योग वरिपरिमा बासिन्दालाई हानि नोक्सानी नपर्ने गरी उद्योग संचालन गर्नु पर्नेछ ।

११. विशेष शर्तहरू:

## उद्योगको पूँजी वृद्धि/क्षमता वृद्धि/नामसारी/लगायतका अन्य निर्णयहरू:

| क्र. सं. | निर्णयको व्यहोरा | प्रमाणित गर्नेको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## नविकरण गरेको प्रमाण:

| नविकरण आर्थिक वर्ष | नविकरण गरेको अवधि | नविकरण दस्तुर र रसिद नं. | नविकरण मिति | नविकरण गर्नेको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोटः यो प्रमाणपत्रको म्याद उद्योग दर्ता गरिएको मितिले १ (एक) वर्ष सम्म र त्यसपछि प्रत्येक पटक नवीकरण भए मुताविक वहाल रहने हुनाले अवधी समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य रूपमा नविकरण गराईसक्नु पर्नेछ । प्रमाण पत्रमा उल्लेखित उद्देश्य बाहेकको काम गर्नु हुँदैन । नविकरण गराउन ल्याउँदा सक्कल प्रमाण पत्र साथै लिई आउनुपर्ने छ ।

अनुसूची - ५

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**प्राइभेट फर्म नविकरण सम्बन्धी दरखास्त**

मितिः २०...../...../.....

विषयः प्राइभेट फर्म नवीकरण गरी दिनुहुन ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लालझाडी गाउँपालीका गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर कन्चनपुर ।

महोदय,

प्रस्तुत विषयमा मेरो नाममा रहेको ..........................................नामको प्राइभेट फर्म दर्ता नं..................को नवीकरण गरी दिनुहुन अनुरोध गर्दछु।नवीकरणका लागि आवश्यक कागजातहरू यसै निवेदनसाथ संलग्न छ।

निवेदकः

प्राइभेट फर्म धनीको
नाम/थर.............................
दस्तखतः...........................
ठेगानाः..............................
सम्पर्क नम्वरः......................

अनुसूची - ६

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**प्राइभेट फर्म अद्यावधिक सम्बन्धी दरखास्त**

मितिः२०....../...... /.....

विषयः प्राइभेटफर्म अद्यावधिक गरी दिनुहुन ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लालझाडी गाउँपालीका गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर कन्चनपुर ।

महोदय,

प्रस्तुत विषयमा तपसिल बमोजिमको विवरण भएको प्राइभेट फर्म मिति....................मा दर्ता भई पछिल्लो पटक मिति....................मा नवीकरण भएकोले अद्यावधिक गरी दिनुहुन अनुरोध गर्दछु ।

**तपसिल**

१.फर्मको पूरा नामः-

२. फर्मको पूरा ठेगानाः-

३. फर्मको उद्देश्यः-

४. कारोबार गर्ने वस्तु, सेवा तथा कामको विवरणः-

५. बाजे/बज्यैको नाम/थरः-

६. बावुको नाम/थरः-

७. आमाको नाम/थरः-

८. सम्पर्क नं.-

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउला ।

निवेदकः
प्राइभेट फर्म धनीको
नाम/थर........................
दस्तखतः......................
ठेगानाः........................

## अनुसूची - ७
(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**प्राइभेट फर्म नवीकरण र अद्यावधिक सम्बन्धी दरखास्त**

मितिः२०...../...../.....

विषयः प्राइभेटफर्म नवीकरण र अद्यावधिक गरी दिनुहुन ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लालझाडी गाउँपालीका गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर कन्चनपुर।

महोदय,

प्रस्तुत विषयमा तपसिल बमोजिमको विवरण भएको प्राइभेट फर्म मिति...................मा दर्ता भएको र मिति.....................मा नवीकरण गर्ने अवधि समाप्त भै नवीकरण हुन नसकेकोले नवीकरण गरी अद्यावधिक समेत गरी दिनुहुन अनुरोध गर्दछु ।

**तपसिल**

१.फर्मको पूरा नामः-
२. फर्मको पूरा ठेगानाः-
३. फर्मको उद्देश्यः-
४. कारोबार गर्ने वस्तु, सेवा तथा कामको विवरणः-
५. बाजे/बज्यैको नाम/थरः-
६. बावुको नाम/थरः-
७. आमाको नाम/थरः-
८. सम्पर्क नं.-

लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउला ।

निवेदकः
प्राइभेट फर्म धनीको
नाम/थर.........................
दस्तखतः...................
ठेगानाः....................

अनुसूची - ८

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## प्राइभेट फर्म खारेज सम्बन्धी निवेदन

मितिः २०....../....../.....

विषयः प्राइभेट फर्म खारेज गरी दिनुहुन।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लालझाडी गाउँपालीका गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर कन्चनपुर।

महोदय,

प्रस्तुत विषयमा मेरो नाममा रहेको ............. दर्ता नं भएको ............................................................. नामको प्राइभेट फर्म ...................................कारणले गर्दा अब देखि सञ्चालन गर्न नसक्ने भएकोले दर्ता खारेज गरि दिनु हुन अनुरोध गर्दछु।

निवेदकः
प्राइभेट फर्म धनीको
नाम/थर..........................
दस्तखतः...................
ठेगानाः.....................

## अनसुची- ९
### (दफा ६ को उपदफा १ संग सम्बन्धित)
### व्यवसाय तथा उद्योगलाई दिने पत्रको ढाँचा

मितिः..................

श्री ..........................................

लालझाडी गाँउपालिका......................, कन्चनपुर।

बिषयः फर्म दर्ताको प्रमाण पत्र पठाईएको।

उपरोक्त बिषय सम्वन्धमा तपाँईले लालझाडी गाँउपालिका वडा नं. ..... मा ........................ गर्ने उद्देश्य राखी श्री .................................. नामक फर्म दर्ताका लागि यस गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेकाले निवेदन उपर कारवाही हुदा माग अनुसारको फर्म दर्ता गरिदिने निर्णयानुसार फर्म दर्ता भएको नं. ............को सक्कल प्रमाण पत्र थान १ संलग्न राखी पठाईएको छ। साथै त्यस फर्मले निम्न शर्तहरु पालना गर्नु पर्ने व्यहोरा पनि सुचना गरिएको छ।

<u>शर्तहरु</u>

१. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट प्राप्त गर्नु पर्नेछ। विदेशी जनशक्ति आवश्यक पर्ने भएमा प्रचलित श्रम ऐन, २०७४ को अधिनमा रही विदेशी जनशक्ति राख्न सकिनेछ।
२. उद्योगमा विदेशी पूँजी लगानी, प्रविधि उपभोग गर्नु परेमा विभाग/गाउँपालिकाको पूर्व स्वीकृती लिनु पर्नेछ।
३. अनुमति लिन नपर्ने उद्योगको पुनरूत्थान, आधुनिकीकंरण वा विस्तार गर्दा विभाग/गाउँपालिकाको स्वीकृती लिनु पर्नेछ।
४. उद्योग चालु भएपछि गाउँपालिकाको उद्योग शाखामा वार्षिक प्रतिवेदन, कार्य प्रगती र उत्पादन विवरण सम्बन्धी मासिक/चौमासिक प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नु पर्नेछ। मौसमी (सिजनल) वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सुचना गर्नु पर्नेछ।

५. वातावरण सम्बन्धमा सम्बन्धित निकाय तथा गाउँपालिकाबाट दिईने निर्देशन तथा शर्तहरू पालना गर्नु पर्नेछ । उद्योगबाट निस्कने फोहोरलाई उचित व्यवस्थापन गर्नु पर्नेछ ।

६. प्रदुषण नियन्त्रण सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले तथा अन्य सम्बन्धित निकायले तोकेको शर्तहरू र कार्यविधि अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

७. यस उद्योगले नाम पहिले दर्ता भएका कम्पनीको नाम, कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा संसोधन गर्नु पर्नेछ । यस उद्योगबाट उत्पादन वा प्रदान गर्ने वस्तु वा सेवामा ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औद्योगिक सम्पत्ति सम्बन्धी कानून बमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नु पर्नेछ ।

८. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिंदा अनिवार्य रूपमा बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ ।

९. औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैंगीक हिंसा विरूद्धको आचार संहिता, २०७६ पालना गर्नु पर्नेछ ।

१०. उद्योग वरिपरिमा बासिन्दालाई हानि नोक्सानी नपर्ने गरी उद्योग संचालन गर्नु पर्नेछ ।

अन्य कुरा यस गाँउपालिकाको संस्था दर्ता कार्यविधि २०७९ बमोजिम हुने छ ।

.....................

हस्ताक्षर

बोधार्थ
आन्तरिक राजश्व कार्यालय
महेन्द्रनगर, कन्चनपुर ।

आज्ञाले ,
राज बहादुर सार्की
प्रमुख प्रशासकीय
अधिकृत